# चिलिमे जलविद्युत केन्द्र (सम्पत्ति), सवारी साधन, कर्मचारीहरूको सामूहिक दुर्घटना तथा पारिवारिक औषधि उपचार वीमा

# दरभाउ-पत्र फाराम-२०७८

चिलिमे जलविद्युत कम्पनी लिमिटेड
महारागंज, कपनमार्ग, काठमाडौ ।
फोन नं. ०१-४३७००७३, ०१-४३७००९३

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

महाराजगंज, कपनमार्ग, काठमाडौं ।

# वीमाको लागि शिलवन्दी प्रस्ताव माग गरिएको बारे ।

(प्रथम पटक प्रकाशित मिति २०७८/०४/०६ गते)

यस कम्पनीले तपशील अनुसार वीमा गर्नु पर्ने भएको हुँदा ईच्छुक वीमा कम्पनीहरूले कम्पनी दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, कुनै निकायबाट स्वीकृति लिनु पर्ने भए सो को अद्यावधिक प्रमाणपत्र, अन्तिम लेखापरीक्षण भएको ३ आर्थिक वर्षको वित्तिय बिवरणहरू, वीमा सम्झौताका शर्तहरू (मस्यौदा वीमा लेख) तथा वीमा शुल्क समेत उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (अर्थात मिति २०७८/०४/२० गते) भित्र कार्यालय समयमा शिलवन्दी खाममा प्रस्ताव पेश गर्नुहुन यो सूचना जारी गरिएको छ । थप जानकारी तथा आवश्यक कागजातका लागि कम्पनीको वेब साईट www.chilime.com.np र यस कम्पनीको केन्द्रीय कार्यालय महाराजगंज, कपनमार्गमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन पनि अनुरोध गरिन्छ । साथै माथि माग गरिए अनुसारको कागजपत्रहरू पेश नगर्ने आवेदकले पेश गरेको प्रस्ताव मूल्यांकन प्रकृयामा समावेश नगरिने ब्यहोरा जानकारी गराइन्छ ।

तपशील:

१) यस कम्पनी अन्तर्गत सञ्चालित चिलिमे जलविद्युत केन्द्र (Chilime Hydropower Plant) का विभिन्न सम्पत्तिहरूको वीमा ।

२) कम्पनी तथा अन्तर्गतको कार्यालयमा सञ्चालनमा रहेका सवारी साधनहरूको वीमा ।

३) कम्पनी तथा अन्तर्गतको कार्यालयमा कार्यरत कर्मचारीहरूको सामूहिक दुर्घटना तथा पारिवारीक औषधि उपचार वीमा ।

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

धुम्वाराही, काठमाडौं ।

# वीमा सम्वन्धी दरभाउ-पत्र फाराम:

१) **दरभाउपत्र खरिद गर्न वीमा कम्पनी/संस्थाको योग्यता सम्वन्धी ब्यवस्था:**

क) वीमा सेवा प्रदान गर्ने वीमा संस्था/कम्पनी नियमानुसार दर्ता भई ईजाजत प्राप्त गरी अद्यावधिक नविकरण गरेको हुनु पर्नेछ ।

ख) वीमा सेवा प्रदान गर्ने वीमा कम्पनी मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनु पर्नेछ ।

ग) वीमा सेवा प्रदान गर्ने वीमा कम्पनीले कम्तीमा ३ वर्ष सेवा प्रदान गरेको अनुभव हुनु पर्नेछ ।

२) **दरभाउपत्र सम्वन्धी अन्य व्यवस्था:**

क) वीमा सेवा प्रदान गर्ने सम्वन्धी कार्य गर्न ईच्छुक वीमा कम्पनीहरूले माथि बुँदा नं. १ मा उल्लेखित योग्यता खुल्ने कागजातहरू संलग्न गरी निवेदन पेश गर्नुपर्ने छ ।

ख) राष्ट्रिय दैनिक पत्रिकामा दरभाउपत्र आह्वानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन (अर्थात मिति २०७८/०४/२० गते) भित्र कार्यालय समयमा शिलवन्दी खाममा प्रस्ताव पेश गर्नु पर्नेछ ।

ग) दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लेखित सवै प्रावधान एवं शर्तहरू अध्ययन गरी दरभाउपत्र फारामको प्रत्येक पानामा सही छाप गर्नु पर्नेछ । यस दरभाउपत्रको अन्तिम पृष्ठमा तोकिएको बिल अफ क्वान्टिटीजमा कवोल रकम अंक र अक्षरमा प्रष्टसँग भरेर रीतपूर्वक सहिछाप र शिलवन्दी गरी पेश गर्नु पर्नेछ ।

घ) शिलबन्दी दरभाउपत्रको खाम बाहिर चिलिमे जलविद्युत कम्पनीलाई सम्वोधन गरी दरभाउपत्र दाताको नाम, ठेगाना समेत उल्लेख गर्नु पर्नेछ ।

ङ) म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

च) प्राप्त शिलबन्दी दरभाउपत्र मूल्यांकनको सिलसिलामा माथि खण्ड १ मा उल्लेखित योग्यता नपुगेको पाइएमा त्यस्तो दरभाउपत्र स्वतः रद्द हुनेछ र मूल्यांकनमा समावेश गरिने छैन ।

छ) दरभाउपत्र सम्वन्धी थप कुराहरू बुझ्न परेमा कम्पनीको केन्द्रीय कार्यालयमा कार्यालय प्रशासन शाखामा समय भित्र सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

३) **वीमा सेवा लिने अवधि:**

चिलिमे जलविद्युत कम्पनीबाट यस दरभाउपत्र अनुसार गराइने वीमालेख १ वर्षको हुनेछ ।

४) **उपलब्ध गराउनु पर्ने वीमा सेवा सुविधा तथा अन्य शर्तहरू:**

क) यस कम्पनी अन्तर्गत सञ्चालित चिलिमे जलविद्युत केन्द्र (Chilime Hydropower Plant) का विभिन्न सम्पत्तिहरूको वीमा ।

ख) कम्पनी तथा अन्तर्गतको कार्यालयमा सञ्चालनमा रहेका सवारी साधनहरूको वीमा।

ग) कम्पनी तथा अन्तर्गतको कार्यालयमा कार्यरत कर्मचारीहरूको सामूहिक दुर्घटना तथा पारिवारीक औषधि उपचार वीमा।

५) **दरभाउपत्र साथ पेश गर्नु पर्ने विवरण तथा कागजातहरू:**

क) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी।

ख) मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी।

ग) प्रस्तावित कार्य गर्न सम्बन्धित निकायबाट पाएको ईजाजत पत्रको प्रतिलिपि।

घ) तीन बर्ष वीमा सेवा प्रदान गरेको प्रमाणपत्रको प्रतिलिपी।

ङ) आ.व. २०७६/०७७ को आयकर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी।

च) प्रस्तावदाताले प्रस्ताव पेश गर्दा आफू कानूनी रूपमा योग्य भएको व्यहोरा खुलाईएको स्वघोषणा।

छ) प्रस्तावदाताको आधिकारिक प्रतिनिधि, निजको सम्पर्क नं., र इमेल ठेगाना।

६) **दरभाउपत्र रद्द हुने अवस्था:**

क) माथि खण्ड १ मा उल्लेखित योग्यता नपुगेको।

ख) सम्वन्धित कार्यालयबाट जारी भएको दरभाउपत्र भरी नआएको।

ग) दरभाउपत्र शिलबन्दी भई नआएको।

घ) दरभाउपत्र सम्वन्धित वीमा सेवा प्रदान गर्ने प्रस्तावकको सही छाप नभएको।

ङ) दरभाउपत्र म्याद भित्र दाखिला हुन नआएको।

च) कम्पनीलाई मान्य नहुने शर्त राखी दरभाउपत्र पेश गरेको।

छ) दरभाउपत्र आह्वानको सूचनामा तोकिएका शर्तहरू पुरा नगरेको।

७) **वीमा सेवा प्रदान गर्ने कम्पनीबाट पेश हुने अन्य शर्तका सम्वन्धमा:**

दरभाउपत्र पेश गर्ने वीमा सेवा प्रदान गर्ने कम्पनीले दरभाउपत्रमा उल्लेख गरिए बाहेकका अन्य थप शर्तहरू आपसी समझदारीमा तय गर्नेछ।

८) **दरभाउपत्र मूल्यांकनका आधारहरू:**

दरभाउपत्र मूल्यांकनका प्रमुख आधारहरू निम्नानुसार रहेका छन:

(क) यस दरभाउपत्रको खण्ड १ मा उल्लेखित योग्यताहरू।

(ख) न्यूनतम कवोल रकम।

(ग) कम्पनीले आवश्यक देखेका अन्य कुराहरू।

९) **सम्झौता सम्वन्धमा:**

क) उल्लेखित मूल्यांकनको आधारबाट छनौट भएको कुनै एक वीमा कम्पनीसँग मात्र सम्झौता गरिनेछ ।

ख) वीमा सेवा सम्झौताका शर्त तथा व्यवस्थाहरू यस दरभाउपत्रमा उल्लेख भए बमोजिम हुनेछन् । अन्य थप आवश्यक बिषयहरू आपसी समझदारी एवं प्रचलित कानूनका आधारमा व्यवस्थित गरिनेछ ।

१०) **वीमा शुल्क भुक्तानी सम्वन्धमाः**

क) वीमा सेवा प्रदान गरे वापतको भुक्तानी वीमा सेवा प्रदायकबाट प्राप्त विजक बमोजिम गरिनेछ ।

ख) भुक्तानी गर्दा एकाउण्ट पेयी चेक मार्फत गरिनेछ ।

११) **निर्णय गर्ने अधिकारः**

प्राप्त दरभाउपत्रहरू स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार चिलिमे जलविद्युत कम्पनी लिमिटेडमा निहित रहेनछ ।

# कर्मचारीहरुको सामूहिक दुर्घटना तथा पारिवारिक औषधि उपचार वीमा

यस कम्पनी तथा केन्द्रमा कार्यरत ११२ जना कर्मचारीहरुको सामूहिक दुर्घटना तथा पारिवारिक औषधि उपचार वीमा गराउनु पर्ने भएको हुदाँ संलग्न अनुसारको सुविधा पाउने गरी वीमा गर्नका लागि प्रस्ताव पेश गर्दछु ।

- सामूहिक दुर्घटना वीमा प्रत्येक कर्मचारीको रु.१२,००,०००/-का दरले ।
- पारिवारिक औषधि उपचार वीमा

  प्रत्येक कर्मचारीहरुको परिवारको सदस्यहरु बुवा,आमा,श्रीमान्,श्रीमति,छोरा,छोरी,महिला कर्मचारीको हकमा सासु,ससुरा र अविवाहित महिलाको हकमा बुवा,आमाको औषधी उपचार रकम दावी गर्दा औषधि उपचार वीमा रु २,००,०००/-(Hospitalization रु १,००,०००/- र Domiciliary रु. १,००,०००) पाउने गरी बीमांकन कायम गरिएको छ ।

परिवार भन्नाले कर्मचारीसँग एकासगोलमा वस्ने वा निज आफैले पालन पोषण गर्नु पर्ने पति वा पत्नी,छोरा,छोरी,धर्मपुत्र,धर्मपुत्री,बाबु,आमा, बाजे,बजै वा सौतेनी आमा सम्झनु पर्छ र महिला कर्मचारीको हकमा निजको सासु,ससुरा समेतलाई जनाउँछ ।

चिलिमे जलविधुत कम्पनी लिमिटेड
सवारी साधन विवरण

| सि.नं. | नाम | सवारी नं. | Made Year | Model | Seat Capicity | cc | Engine No. | Chasis No. | बिमाङ्/घोषित मुल्य | बिमा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चिलिमे जलविद्युत कम्पनी लि | बा ३३ प ४७२३ | 2008 | Gladiator | 2 | 125 | ME115YY0J6822002726 | 5YYI002787 | 43,808.00 | |
| २ | चिलिमे जलविद्युत कम्पनी लि | बा ३३ प ४७२० | 2008 | Gladiator | 2 | 125 | ME15YY0J482001984 | 5YY001992 | 43,808.00 | |
| ३ | चिलिमे जलविद्युत कम्पनी लि | बा ३३ प ४७२१ | 2008 | Gladiator | 2 | 125 | 5YYJ001988 | 482001477 | 43,808.00 | |
| ४ | चिलिमे जलविद्युत कम्पनी लि. | बा ६८ प ४२११ | 2015 | Gixxer | 2 | 153 | BGA1143563 | MB8NG4BACF8145992 | 94,390.40 | |
| ५ | चिलिमे जलविद्युत कम्पनी लि | बा ६९ प ६९११ | 2015 | Gixxer | 2 | 153 | BGA1131370 | MB8NG4BAAF8133566 | 94,390.40 | |
| ६ | चिलिमे जलविद्युत कम्पनी लि | बा ४९ प ८८४० | 2011 | CBZ | 2 | 149 | KC12EDBGM08835 | MBLKC12EFBGM05119 | 62,048.00 | |

| सि.नं. | नाम | सवारी नं. | Made Year | Model | Seat Capicity | cc | Engine No. | Chasis No. | बिमाङ्/घोषित मुल्य | बिमा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चिलिमे जलविद्युत कम्पनी लि | बा ३ च ३८२३ | 1999 | Toyota | 5 | 2779 | 2KD5699386 | MROFR22G50-0609835 | 1,088,724.05 | |
| २ | चिलिमे जलविद्युत कम्पनी लि | बा ३ च ३८२२ | 1999 | Toyota | 5 | 2779 | 3L4763351 | LJ90002072 | 1,088,724.05 | |
| ३ | चिलिमे जलविद्युत कम्पनी लि | बा ३ च ३८२१ | 1999 | Toyota | 5 | 2779 | 3L4759775 | LJ90002071 | 1,088,724.05 | |
| ४ | चिलिमे जलविद्युत कम्पनी लि | बा ५ च ५७५ | 2002 | Nissan Pickup | 5 | 3153 | 3217874 | JNICJUD2270051503 | 996,875.96 | |
| ५ | चिलिमे जलविद्युत कम्पनी लि | बा ३ च ७०४ | 1996 | Nissan | 10 | 4169 | TD42133403 | JNIWRGY60Z0254291 | 1,119,703.36 | |
| ६ | चिलिमे जलविद्युत कम्पनी लि | बा ९ च ७९३० | 2012 | Toyota | 5 | 2494 | 2KD5699386 | MROFR22G50-0609835 | 1,436,800.00 | |
| ७ | चिलिमे जलविद्युत कम्पनी लि | बा ७ च ४५७० | 2009 | Toyota | 5 | 2494 | 786422 | MROFR22G100546460 | 1,138,190.72 | |
| ८ | चिलिमे जलविद्युत कम्पनी लि | बा ९ च ८२५५ | 2012 | Hyundai | 5 | 1086 | G4HGCM432070 | MALAM51BLCM093034*A | 762,624.00 | |

चिलिमे जलविद्युत कम्पनी लिमिटेड

चिलिमे जलविद्युत केन्द्र

| क.स. | विवरण | बिमाङ्क रकम | अग्नि | भूकम्प | बाढी वा जलमग्न | पहिरो तथा भूमिक्षयण | हुलदंगा वा हडताल,द्वेषपूर्ण कार्य र आतंक |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार कार्य, पहिलो श्रेणीका क्लोट भएको क्वार्टर तथा कार्यालयको रुपमा प्रयोग भएको क्याम्प तथा भवन | २,७८,६४,१७५.५२ | | | | | |
| २ | निमार्ण कार्य र डाइभर्सन वेयर, इन्टेक तथा अन्डरस्लुस | ३,३०,९३,०७७.१९ | | | | | |
| ३ | निमार्ण कार्य ग्राभेल ट्र्याप | १,३२,५८,३९६.०६ | | | | | |
| ४ | इन्टेक क्यानल, ग्राभेल ट्र्याप तथा स्पिलवे | १,०८,९१,५७६.७३ | | | | | |
| ५ | ग्राभेल ट्र्याप तथा डिसेण्डिङ देखि पावर क्यानल सम्म | २,०६,१६,०९५.१४ | | | | | |
| ६ | डिसेण्डिङ बेसिन | २,८०,९३,१२४.२६ | | | | | |
| ७ | साइफन ४८ मिटर स्टिल पाइप | ९०,७६,४४१.०३ | | | | | |
| ८ | पावर क्यानल साइफन देखि फोरवेसम्म | २,९६,४६,२९५.११ | | | | | |
| ९ | रिजर्भवायर लगायत स्पिलवे, आगमन तथा निकासकालागि निर्माण कार्य | ६,३०,५५,८६९.९९ | | | | | |
| १० | फोरवे ११ मिटर डिप | ८९,१३,८७५.९७ | | | | | |
| ११ | प्रेसर कण्डिट अण्डरग्राउण्ड ४२६ मिटर लामो | ४,६६,३५,९७३.५५ | | | | | |
| १२ | हेडरेस टनेल अण्डरग्राउण्ड | ४२,१६,७८,५०८.९० | | | | | |
| १३ | रक ट्र्यल अण्डरग्राउण्ड | ८३,०७,९७४.८४ | | | | | |
| १४ | सर्ज ट्र्यक अण्डरग्राउण्ड | १,४३,१६,९०७.४१ | | | | | |
| १५ | कन्स्ट्रक्सन अडिट तथा बाइपास टनेल अण्डरग्राउण्ड | १,०१,८८,४८१.८५ | | | | | |
| १६ | पेनस्टक साफट तथा स्टिकल पेन्स्टक पाइप अण्डरग्राउण्ड | १७,३३,७८,४७५.०० | | | | | |
| १७ | पावर हाउस केभर्न तथा भवन | ८,२९,५६,९२५.८० | | | | | |
| १८ | ट्रान्स्फर केभर्न | ३,४२,१७५२१.६४ | | | | | |
| १९ | सम्पर्क टनेलदेखि ट्रान्स्फर केभर्न तथा पावर हाउस | ५१,६८,९३६.१७ | | | | | |
| २० | केबल ब्रक्ट | १७,१२,४६१.४७ | | | | | |
| २१ | इमरजेन्सी एक्जिट | २०,०१,२०२.४४ | | | | | |
| २२ | टेलरेस टनेल | १,७१,५९,३२०.५४ | | | | | |
| २३ | विद्युतगृह सम्पर्क टनेल लगायत पोर्टलका सिभिल कार्य | २,६९,४९,२१२.६६ | | | | | |
| २४ | पेनस्टक कन्स्ट्रक्सन अडिट | १८,२४,९९५.१२ | | | | | |
| २५ | विद्युतगृहको निमार्ण कार्य | ८,०४,२२५.२७ | | | | | |
| २६ | इलेक्ट्रोमेकानिकल उपकरण टर्बाइन तथा गभर्नर | ११,४७,०१,७६२.०० | | | | | |
| २७ | जेनेटर | १०,८०,२१,५११.८२ | | | | | |
| २८ | पावर ट्रान्सफरमर | ३,०२,६०,९०३.०८ | | | | | |
| २९ | स्टेशन ट्रान्सफरमर | ४१,८९,८९५.४१ | | | | | |
| ३० | एन्सीलरी उपकरण | ४,२७,९०,३०३.९३ | | | | | |
| ३१ | ६६ केभिए स्वीचगियर | ४,६६,७४,५३०.३४ | | | | | |
| ३२ | रिले तथा कन्ट्रोल स्वीच बोर्ड | १,८८,७१,५५६.१२ | | | | | |
| ३३ | ट्रान्सफर्मर उपकरण | ११,२७,८५४.४७ | | | | | |
| ३४ | १२ केभिए स्वीचगियर | ९६,८२,५६६.६६ | | | | | |
| ३५ | निम्न भोल्टेज वितरण प्यानल | ६५,५८,०४०.७६ | | | | | |
| ३६ | तारहरु | २,८३,२६,६५८.०४ | | | | | |
| ३७ | चट्याङ रोकेस्टर | १,९७,२२५.८८ | | | | | |
| ३८ | स्टोरेज ब्याट्रि चार्जर | ६१,११,६९०.८० | | | | | |
| ३९ | ग्राउण्डिङ सामाग्री तथा स्टिल स्ट्रक्चर | ३४,०३,८०७.८६ | | | | | |
| ४० | संचार उपकरण तथा विविध सामग्री | ४९,८७,५०७.३६ | | | | | |
| | जम्मा बिमाङ्क रकम | १,५१,७४,१५,७६४.५१ | | | - | - | |

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

धुम्वाराही, काठमाडौं।

## वीमा सेवाको लागि प्रस्तावित कवोल फाराम (Bill of Quantities)

| विवरण | संख्या | वीमा शुल्क | १३% मूल्य अभिवृद्धि कर | मु.अ.क. सहित प्रस्तावित वीमा शुल्क रू. | कैफियत |
|---|---|---|---|---|---|
| चिलिमे जलविद्युत केन्द्रको सम्पत्ति वीमा (संलग्न विवरण अनुसार) | | | | | |
| सवारी साधन वीमाः | | | | | |
| मोटरसाइकल (संलग्न विवरण अनुसार) | ६ थान | | | | |
| मोटर (संलग्न विवरण अनुसार) | ८ थान | | | | |
| कर्मचारीहरूको सामूहिक दुर्घटना वीमा | ११२ जान कर्मचारी | | | | |
| कर्मचारीहरूको पारिवारिक औषधि उपचार वीमा | ११२ जान कर्मचारी | | | | |
| | | | कूल प्रस्तावित वीमा शुल्क रू. | | |

अक्षरेपी रू. : ______________________________

मिति : ____________________

ठेगाना : ____________________

आधिकारिक व्यक्तिको सही : ____________________

आधिकारिक व्यक्तिको नाम : ____________________

वीमा कम्पनी/संस्थाको नाम : ____________________

वीमा कम्पनी/संस्थाको छाप : ____________________